भुम्लु गाउँकार्यपालिकाको बैठक संख्याः १२
आ व : २०७९/८०
मितिः २०७९ फाल्गुण १८ गते बिहिबार
समयः १२:३० दिवा
स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ फाल्गुण १८ गते बिहिवारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको वैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

१. श्री प्रेम बहादुर भुजेल - अध्यक्ष
२. श्री जितेन्द्रमान तामाङ्ग उपाध्यक्ष
३. श्री लेख बहादुर श्रेष्ठ सदस्य
४. श्री सुजन भण्डारी सदस्य
५. श्री ज्ञान वहादुर तामाङ्ग सदस्य
६. श्री लोक बहादुर कुँवर सदस्य
७. श्री अञ्चल कुमार लामा सदस्य
८. श्री भरत बहादुर शिवभक्ति सदस्य
९. श्री रमेश राज खरेल सदस्य
१०. श्री मोतिलाल तामाङ्ग सदस्य
११. श्री दल वहादुर तामाङ्ग सदस्य
१२. श्री केसरमान लामा सदस्य
१३. श्री कल्पना पहरी सदस्य
१४. श्री कुमारी विश्वकर्मा सदस्य
१५. श्री चमेली परियार सदस्य
१६. श्री शान्ती ठकुरी सदस्य
१७. श्री सुलभ पहरी सदस्य
१८. श्री विष्णु बहादुर पहरी सदस्य
१९. श्री देवेन्द्र सुवेदी सचिव

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख
२१. श्री साकार अधिकारी - पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख
२२. श्री विक्रम वस्नेत- आर्थिक प्रशासन शाखा प्रमुख



CamScanner

भुम्लु गाउँकार्यापालिका वैठक आ.वः २०७९।८० वैठक सङ्ख्याः१२ मिति २०७९ फागुन १८

**प्रस्ताव न.१: अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा ।**

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा मिति २०७९ फागुन ०८ गते बसेको ११ औ कार्यापलिका वैठकको समिक्षा गरियो सो वैठकमा भएको निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोष जनक रहेको देखियो। साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुको जतिसक्दो छिटो कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**प्रस्ताव न.२ : १२ औं गाउँसभाको समिक्षा सम्बन्धमा**

निर्णय न. २: प्रस्ताव न. २ माथि छलफल गर्दा मिति २०७९ फागुन १० गते वसेको भुम्लु गाउँपालिकाको गाउँ सभाको १२ औं अधिवेशनको समिक्षा गर्दै उक्त सभा भव्य रुपमा सञ्चालन गर्नका लागि सहयोग पुर्याउनु हुने सबै पक्षहरु लाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.३: गाउँपालिका स्थापना दिवश मनाउने सम्बन्धमा**

निर्णय न. ३: प्रस्ताव न.३ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको छैठौं स्थापना दिवश मिति २०७९।११।२३ गते मनाउने निर्णय गरियो । स्थापना दिवश कार्यक्रम मनाउन लागि तपशिल बमोजिमको गाउँपालिका स्थापना दिवश कार्यक्रम व्यवस्थापन समिती गठन गर्ने निर्णय गरियो ।

तपशिल

**स्थापन दिवश कार्यक्रम व्यवस्थापन समिती**

१. श्री अन्चल कुमार लामा : संयोजक
२. श्री रमेशराज खरेल : सदस्य
३. श्री मोतीलाल तामाङ : सदस्य
४. श्री लेख बहादुर श्रेष्ठ : सदस्य
५. श्री ज्ञान बहादुर तामाङ : सदस्य
६. श्री सुलभ पहरी : सदस्य
७. श्री रुपक अधिकारी : सदस्य
८. श्री रविन घिमिरे : सदस्य
९. श्री चन्द्र बहादुर लामा : सदस्य

**प्रस्ताव न.४ : कर संकलक नियुक्त गर्ने सम्वन्धमा**

निर्णय न. ४: प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउपालिका वडा न. ८ को दोलालघाट सुनकोशी नदि पुल क्षेत्र, वडा न. ९ को चाखोला पुल क्षेत्र र वडा न. १० को इन्द्रावती खोला पुल(नौलेगाउँ जाने बाटो) क्षेत्र गरी ३ स्थानमा पूर्वाधार विकास कर संकलन गर्ने प्रयोजनका लागि कर संकलक नियुक्ती गर्ने निर्णय गरियो ।

**<u>नियुक्त हुने कर संकलकहरु</u>**

| क्र.स | नाम र थर | क्षेत्र |
|---|---|---|
| १ | श्री छन्द प्रसाद पराजुली | वडा न.९ चाखोला खोला पारी ज्याम्दी जाने वाटो क्षेत्र |
| २ | श्री अमर बहादुर पराजुली | वडा न.९ चाखोला खोला पारी ज्याम्दी जाने वाटो क्षेत्र |
| ३ | श्री रामकाजी श्रेष्ठ | वडा न. ८ सुनकोशी नदि पुल क्षेत्र सिलामे वगर र भुम्लुटार आउने बाटो क्षेत्र |
| ४ | श्री विकास तामाङ | वडा न. ८ सुनकोशी नदि पुल क्षेत्र सिलामे वगर र भुम्लुटार आउने बाटो क्षेत्र |
| ५ | श्री कृष्ण माझी | वडा न. १० को इन्द्रावती नदिको पुल क्षेत्र नौलेगाउँ जाने बाटो |
| ६ | श्री निरज माझी | वडा न. १० को इन्द्रावती नदिको पुल क्षेत्र नौलेगाउँ जाने बाटो |



२०८९।११।१०

CamScanner

**प्रस्ताव न. ५: ट्याक्टर अन्य कृषि औजारहरु खरिद गर्ने सम्बन्धमा**

निर्णय न. ५: प्रस्ताव न. ५ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाका सबै वडाहरुको लागि भनि आर्थिक विकास समितिको सिफारिस बमोजिम खरिद गर्न लागिएको ट्याक्टर तथा अन्य कृषि औजारहरु तपशिल बमोजिमको विधी प्रयोग गरी खरिद गर्ने निर्णय गरियो ।

- प्रत्येक किसानले गाउँपालिकाले निर्धारण गरिदिएको स्पेशिफिकेशन बमोजिमको ट्याक्टर, कन सेलर, कोदो हार्भेटिङ्ग मेसिन खरिद गरी ल्याउनु पर्ने
- किसानले ल्याएको ट्याक्टरको मुल्याङ्कन गरी आर्थिक विकास समितिको सिफारिस बमोजिम डिजेल इन्जिन भएको ट्याक्टरलाई अधिकतम रु. ३४,०००।– र प्रेट्रोल इन्जिन भएको टयक्टरका लागि अधिकतम रु.२२,५००।–, कन सेलरलाई अधिकतम रु.६,०००।-, कोदो हार्भेस्टिङ्ग मेसनलाई रु.३०,०००।- दिने निर्णय गरियो ।
- रकम भुक्तानी र ट्याक्टर तथा अन्य कृषि औजारको प्राविधिक मुल्याङ्कनको काम आर्थिक विकास समितिबाट गरिनेछ ।

**प्रस्ताव न.६: जाली तथा सिँचाई पाइप खरिद गर्ने सम्बन्धमा**

निर्णय न. ६: प्रस्ताव न. ६ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको विभिन्न स्थानहरुको लागि सिँचाई पाईप र जालीहरु खरिद गर्नुपर्ने भएकाले भुम्लु गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु. २० लाख बराबरको जाली र रु.१५ लाख बराबरको सिँचाई पाइप खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ७: आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा**

निर्णय न. ७ : प्रस्ताव न. ७ माथि छलफल गर्दा भुम्लु गाउँपालिका आर्थिक सहायता कार्यविधी ,२०७७ बमोजिम तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | नाम र थर | ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | नकुल भारती | भुम्लु -१ | रुखबाट लडी घाईते भएको आर्थिक अभावको कारणले निजले उपचार गर्न नसकेको भन्ने जानकारी/ सिफारिस वडा कार्यालयबाट प्राप्त भएको |
| २ | सम्मान श्रेष्ठ | भुम्लु-८ | खेलकुदको माध्यमबाट भुम्लु गाउँपालिकाको नाम उच्च राख्नको लागि सहयोग पुर्याएको |

**प्रस्ताव न. ८ : वेरुजु फर्छ्यौट तयारी समिती**

निर्णय न. ८ : प्रस्ताव न. ८ माथि छलफल गर्दा विगतमा गा.वि.स हुँदा देखिकै रहेका वेरुजुहरुको लगत तयार गर्ने र ति वेरुजु फर्छ्यौटका लागि गाउँपालिकाकै लेखा समितले वेरुजु फर्छ्यौट समितिको रुपमा काम गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । साथै सो समितीका लागि आवश्यक सचिवको व्यवस्था गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले तोक्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।



CamScanner